# प्रेस विज्ञप्ति- ३०५

# Press Release- 305

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मितिः २०७९।०१।११ गते।

## अवैध लागु औषध सेतो हेरोईन ७ किलो सहित बिदेशी नागरीकहरू पक्राउ।

नेपाललाई ट्रान्जिट बनाई लागु औषधको अवैध ओसार पसार हुने गरेको अनुसन्धानबाट देखिएकोले सो को प्रभावकारी नियन्त्रणका लागि गरिएको निरन्तरको निग्रानीका क्रममा मिति २०७९/०१/०३ गते ०९:४२ बजेको समयमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचर काठमाडौंमा कतार एयरवेजको फ्लाईट नम्वर ६५२ द्वारा South Africa को Johannesburg बाट दोहा (कतार) हुदै काठमाण्डौ आएकी Zambian नागरिक Passport No.ZN 840131, बर्ष ३५ की KAPUTULA ABISHARG को साथमा निजले ल्याएको सुटकेस खानतलासी गर्दा सुटकेस भित्र फल्स बटम बनाई लुकाई ल्याएको अवस्थामा लागु औषध सेतो हेरोईन ७ किलोग्राम फेला पारी बरामद गरी निजलाई पक्राउ गरीएको, साथै उक्त लागु औषध लिन आएको अवस्थामा भारत KEIFANG MIZORAM ठेगाना भएकी Passport No.P8879687 बर्ष ३५ कि भारतीय नागरीक LALNUNPUII लाई मिति २०७९।०१।०४ गते २०:०५ बजेको समयमा जिल्ला काठमाडौं, का.म.न.पा.वडा न- २ लाजिम्पाट स्थित एक Hotel बाट नियन्त्रणमा लिई निजहरु दुबै महिलालाई लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम लागु औषध सेतो हेरोईन मुद्दामा म्याद थप गरी अनुसन्धान भई रहेको।

*निजहरुको साथबाट बरामद लागु औषध सेतो हेरोईन ७ के.जि.को **अन्दाजी अवैध बजार मुल्य रू. १४०,०००,०००(चौध करोड)** बराबर रहेको।*



# Operation Candy Box का क्रममा १ जना ब्यक्ति पक्राउ

हुलाकबाट आउने गरेका सामनहरुमा लागू औषध भित्रन सक्ने भनि निरन्तर गरिएको निग्रानिको क्रममा मिति २०७८।११।११गते गोश्वारा हुलाक कार्यालय डिल्लीबजार काठमाण्डौ EMS शाखामा बेलायतबाट पठाएको Tracking no. EE591001205GB को सामान पाउनेको नाम ठेगानामा RAJSHIKHAR GUPTA, BIRGUNJ NEPAL उल्लेख भएको केही शंकास्पद सामाग्री भएको कार्टुन बक्स आएकोमा उक्त कार्टुन बक्स भित्र रहेका स-साना Candy Chocolate हरु ( जम्मा तौल ४.४१८ के.जी ) रहेको सो को प्रारम्भिक परिक्षण गर्दा चकलेटमा गाँजा तथा चरेशको पदार्थ पाईएकोले सो सामान कानुन बमोजिम बरामद गरी सो सामाग्रिको Control Delivery गरी निग्रानी गर्ने क्रममा मिति २०७८।११।२६ गते १४:०० बजे जिल्ला पर्सा बिरगन्ज महानगरपालिका वडा न-८ स्थित जिल्ला हुलाक कार्यालयबाट उक्त Control Delivery गरी पठाईएको सामान बुझिसकेको अबस्थामा जिल्ला पर्सा साविक पोखरिया नगरपालिका वडा न -५ हाल परिवर्तित ऐ. पोखरिया नगरपालिका वडा न- ३ पर्सा, ठेगाना **भएका बर्ष २२ को राज शिखर गुप्तालाई** पक्राउ गरीएको र निजको तलासी लिने क्रममा निजको साथमा जर्मनिबाट पठाईएको सामान रहेको अर्को कार्टुन बक्स समेत फेला परेको र सो भित्र खोलि हेर्दा **५०० वटा नाम नखुलेको tablets** (जम्मा तौल १७० ग्राम) रहेको , सो को परिक्षण गर्दा **Amphetamine** रहेको पाईएकोले निजलाई कानुन बमोजिम यस लागू औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट अनुसन्धान सम्पन्न गरी काठमाण्डौ जिल्ला अदालत र जिल्ला प्रहरी कार्यालय पर्सा हुँदै पर्सा जिल्ला अदालत पठाईएकोमा मिति २०६९।१।०७ गतेको जिल्ला अदालत विरगन्जको आदेशले हाल पुर्पक्षको लागि थुनामा रहेको ।











**निमित्त कार्यालय प्रमुख**
**प्रहरी उपरीक्षक**
**(जीवन कुमार श्रेष्ठ)**
**सम्पर्क नं. ९८५११३२७४३**